
गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय**
बागलुङ

# संक्षिप्त मासिक बुलेटिन

**वर्षः १ | अंकः २ | महिनाः २ | फाल्गुन २०७९**

## हात्तीपाइले विरुद्दको आम औषधी सेवन अभियान २०७९

Wuchereria Bancrofti एक फाइलेरियल नेमाटोड हो जुन लिम्फेटिक फाइलेरियासिसको प्रमुख कारण हो। पोथी लामखुट्टेको टोकाइबाट मानिसको शरीरमा पस्ने परजीवीका कारण लाग्ने हात्तीपाइले रोग अघिल्ला वर्षहरुमा लक्ष्य अनुसारको जनसंख्याले औषधि नखाइदिंदा बागलुङ जिल्लाका सबै पालिकाहरुमा हात्तीपाइले रोग निवारण हुँन सकेन।१३ औं पटकसम्म आम औषधी सेवन अभियान चलाउँदा समेत बागलुङमा हात्ती पाईले रोग नियन्त्रण नभएपछि जिल्लाको लागि आफ्नै **"हात्तीपाइले विरुद्दको औषधी खाऔंःयो वर्षलाई अब अन्तिम बनाऔं"** भन्ने मूल नाराका साथ फागुण ११ गते धौलागिरि अस्पतालमा जिल्ला समन्वय समितिका प्रमुख अमर थापा र बागलुङ नगरपालिकाका नगरप्रमुख बसन्त कुमार श्रेष्ठलाई औषधी खुवाएर यो अभियानको सुभारम्भ भएर १४ औं पटकको अभियान फाल्गुन ३० गते सम्पन्न भएको छ।अभियान सकिए पनि छुटेकालाई भने नजिकको स्वास्थ्य संस्थाबाट औषधी सेवन गर्न मिल्ने ब्यबस्था रहेको छ। औषधी सेवन गर्नुपर्ने जम्मा लक्षित जनसंख्या २५६०४४ मध्य ८७.४% (२२३८८३ जना) ले औषधी सेवन गरेको तथ्यांक स्वास्थ्य कर्यालय संग रहेको छ। समाजमा रहेका केही गलत नियत, धाराण तथा समाज भित्रै गलत प्रचारका कारण समुदायका सबै जनालाई औषधी खुवाउने कार्य केहि स्थानमा कठिन भएको महशुस स्वास्थ्य कार्यालयले गरेको छ । यस पटकको अभियानमा कोही पनि नागरिक हात्ती पाईले रोग विरुद्धको औषधी सेवनबाट नछुटोस भन्नको लागि औषधी सेवन गरेका व्यक्तिको पहिचानको लागि नङमा मसि लगाउने, घरको भित्तामा लेख्ने र कार्ड उपलब्ध गराउने अभ्यास गरिएको थियो।१० स्थानीय तहको औषधी सेवन कभरेजको विस्तृत विवरण ***स्थानीय तह विशेष*** मा प्रस्तुत गरिएको छ।













## पूर्ण खोप कार्यक्रमको समिक्षा तथा अभिमुखिकरण

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा, जिल्ला समनव्य समिति तथा सम्पूर्ण स्थानीय तहको समनव्यमा जिल्लाका १० स्थानीय तहका नवनिर्वाचित स्थानिय तह प्रमुख/उप प्रमुख, प्रमुख प्रसाशकिय अधिकृत, वडा तहका जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरुको जिल्ला तथा पालिका स्तरमा **पूर्ण खोप कार्यक्रमको समिक्षा तथा पूर्ण खोप दिगोपना र सरसफाई प्रवर्धन** सम्वन्धि १ दिने अभिमुखिकरण एवं दिगोपनाको लागि योजना तयारी गोष्ठी जिल्ला स्तरमा तथा सबै स्थानीय तहमा सम्पन्न भएको छ। १० व्याचमा संचालित सो कार्यक्रममा १० स्थानीय तहबाट ३१८ जना (महिला:१२२, पुरुष:१९६ जना) स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो।






## ANC/PNC का घरघरमा स्वास्थ्यकर्मी कार्यक्रम

स्वास्थ्य कार्यालय बाग्लुङको आयोजना र बिभिन्न पालिकाहरुको समन्वयमा **"स्थानीय तहको साझेदारी मा पूर्वप्रसुती र उत्तरप्रसुती का घरघरमा स्वास्थ्यकर्मी"** बिषयक १ दिने कार्यक्रम ८ वटा स्थानीय तहमा सम्पन भएको छ। पालिका भित्रका प्रसुती केन्द्रमा कार्यरत नर्सिङ स्वास्थ्यकर्मीहरुलाई ANC/PNC visit Protocol र यसै संग सम्बन्धित कार्यसंचालन प्रकृया को अभिमुखिकरण गर्ने उद्वेश्यले राखिएको कार्यक्रमलाई स्वास्थ्य कार्यालय, बाग्लुङकि पब्लिक हेल्थ नर्स सीमा कुवरले सहजिकरण गर्नुभएको थियो।कार्यक्रममा ८ स्थानीय तहबाट १९३ जना (महिला:१५०, पुरुष:४३ जना) स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो।











## स्वास्थ्यकर्मीको लागी नसर्ने रोग सम्बन्धि PEN Package तालिम

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा स्वास्थ्यकर्मीहरुका लागि **नसर्ने रोग सम्बन्धी ४ दिने PEN Package Training** सम्पन्न भएको छ।उक्त कार्यक्रममा धौलागिरि अस्पतालका मे.अ क्षितिज रिजाल,गलकोट न.पा.का शुशिल पौडेल,बा.न.पा का राम प्रसाद खनाल, लक्ष्मण ढकाल, स्वास्थ्य कार्यालय प्रमुख प्रविण शर्मा तथा क्षय कुष्ठ निरिक्षक देव प्रकाश घिमिरेले सहजिकरण गर्नुभएको थियो भने धौलागिरी आयुर्वेद औषधालय संगको सहकर्यमा डा. सरोज कुमार राय बाट सहभागीहरुलाइ योग शिक्षा तथा योग अभ्यास पनि गराइएको थियो। तालिममा बागलुङ जिल्लाका ९ स्थानिय तहका २५ जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो।






## स्वास्थ्य कार्यालय र धौलागिरि आयुर्वेद औषधालय विच सहकार्य

स्वास्थ्य कार्यालय बागलुङ र धौलागिरी आयुर्वेद औषधालयको सहकार्यमा स्वा.काले जिल्लामा आयोजना गर्ने स्वास्थ्यका हरेक कार्यक्रमका सहभागीलाई बिहान बिहान **आयुर्वेद शिक्षा, योग शिक्षा तथा योग अभ्यास** गर्ने नया अभ्यास शुरु गरिएको छ। जस अन्तर्गत २०७९/११/१५ देखि १८ सम्म संचालन भएको नसर्ने रोग सम्बन्धि PEN Package तालिमका सहभागीहरुलाइ सहभागी गराइ आयुर्वेद शिक्षा तथा नसर्ने रोग रोकथाममा काम लाग्ने विभिन्न योग आसनको अभ्यास गरिएको थियो।

## आन्तरिक पर्यटन प्रबर्धनका निम्ति पारिवारिक भ्रमण

गण्डकी प्रदेश सरकारले उपलब्ध गाराएको **आन्तरिक पर्यटन प्रबर्धन**को निम्ति पारिवारिक भ्रमणको ब्यबस्था अनुसार स्वास्थ्य कार्यालय बागलुङका कर्मचारीहरुबाट पारिवारिक भ्रमण गरिएको छ। कार्यालयको दैनिक काममा असर नपर्ने गरि फरक फरक समूह र चरणमा सो भ्रमण सम्पन्न गरिएको थियो। भ्रमणका क्रममा कास्की, म्याग्दी, तनहुँ, गोरखा तथा नवलपुर जिल्लाका विभिन्न पर्यटकीय स्थलहरुको भ्रमण गरिएको थियो।










## खोप छुट बच्चाको पहिचान तथा पूर्णखोप सुनिश्चितता सम्बन्धि योजना तयारी गोष्ठी

स्वास्थ्य कार्यलय बागलुङको आयोजनामा, **खोप छुट बच्चाको पूर्णखोप सुनिश्चितता** सम्बन्धि २ दिने योजना तयारी गोष्ठीको पहिलो समुहको कार्यक्रम सम्पन्न भएको छ। कोभिड १९ खोप अभियान र खोप छुट बच्चा (शुन्य डोज तथा ड्रप आउट) को पहिचान र छुट खोप पूरा गरी पूर्ण खोप सुनिश्चितता तथा नियमित खोप र सरसफाई प्रबर्द्धनको लागि रणनीति तयारी तथा सुक्ष्म योजना अध्यावधिक गर्ने उदेश्यले आयोजना गरिएको पहिलो समुहको कार्यक्रममा जैमिनी नगरपालिका, बागलुङ नगरपालिका र काठेखोला गाउँ पालिका अन्तर्गत ४० जना स्वास्थ्यकर्मी (पालिका स्वास्थ्य संयोजक, स्वास्थ्य संस्था प्रमुख तथा फोकल पर्सन) को उपस्थिति रहेको थियो भने कार्यक्रमलाई स्वास्थ्य कार्यालयका खोप सुपरभाइजर राजु खत्री तथा Wateraid Nepal, गण्डकी प्रदेशकी प्रतिनिधि सम्झना पाठकले सहजीकरण गर्नुभएको थियो।










## पारिवारिक स्वास्थ्य प्रोफाइल निर्माण सम्बन्धि अभिमुखीकरण

स्वास्थ्य कार्यलय बागलुङको आयोजनामा, बरेङ गाउँपालिकामा जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीहरुको लागी **पारिवारीक स्वास्थ्य प्रोफाईल** सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य कार्यलय बागलुङका प्रमुख प्रविण शर्मा, तथ्यांक अधिकृत घन्श्याम सापकोटा, पालिकाका अधक्ष्य, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य प्रतिनिधिको उपस्थिति रहेको थियो। कार्यक्रममा जिल्ला बाट अनुगमनका क्रममा बरेङ गाउँपालिका पुग्नुभएका प्रमुख जिल्ला अधिकारी रोशनी कुमारी श्रेष्ठको ज्युको पनि विशेष उपस्थिति रहेको थियो भने कार्यक्रमलाई स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश का तथ्यांक अधिकृत दिवाकर शर्मा तथा प्रविण भण्डारीले सहजीकरण गर्नुभएको थियो।










## बरेङ गाउँ पालिकामा रहनुभएका सम्पुर्ण जनसमुदायहरुमा अनुरोध!!!

**स्वास्थ्य कार्यलय बागलुङको आयोजना तथा बरेङ गाउँ पालिका, बागलुङको समन्वयमा बरेङ गाउँ पालिका अन्तर्गत पारिवारीक स्वास्थ्य प्रोफाईल निर्माणका लागि पालिका भित्रका सम्पुर्ण घरमा विबरण संकलनको लागी मिति २०७९/११/२८ देखि स्वास्थ्यकर्मीहरु तपाईंहरु हरेकको घर-घरमा आउदै हुनुहुन्छ। तपाईंहरु संग लिइएको विवरण तथा तथ्यांक आगामी वर्षहरुमा स्वस्थ्य सम्बन्धी कार्यक्रमको योजना तर्जुमाको लागि प्रयोग हुनेछन् र सबै विबरण तथ्यांक एन २०७९ अनुसार गोप्य राखिनेछ। सो तथ्यांक संकलन कार्यको लागि घर-घरमा आउने स्वास्थकर्मीलाई सत्य तथ्य विवरण उपलब्ध गराइ सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।**

**पारिवारिक स्वास्थ्य प्रोफाइल २०७९**
**वरेङ गाउँ पालिका**
**बागलुङ**



## स्वास्थ्य सेवा दिवस २०७९

स्वास्थ्य कार्यलय बागलुङको आयोजनामा स्वास्थ्य सेवा दिवस २०७९ (फाल्गुन १५ गते) को अवसरमा **सरकारी कर्यालयका कर्मचारीहरुमा नसर्ने रोगको स्कृनिङ कार्यक्रम** सम्पन्न भएको छ। सहायक प्रमुख जिल्ला अधिकारी ज्युको स्वास्थ्य स्कृनिङ बाट सुरु भएको स्कृनिङ कार्यक्रम जम्मा ११७ (९१ कर्मचारी तथा २६ जना सेवाग्राही) जनाको रगतमा ग्लुकोजको मात्रा तथा रक्तचाप मापन गरिएको थियो। २३ महिला तथा ९४ पुरुष हरुको सहभागिता रहेको मा १० जनालाई सम्भावित मधुमेह र १७ जनालाई सम्भावित उच्च रक्तचाप देखिएकाले आबश्यक सल्लाह सुझव दिइएको छ।समय समयमा आफुले स्वास्थ्य परिक्षण नगरेको तर स्वास्थ्य कार्यालयले यसरी कार्यालय मै पुगेर स्वास्थ्य परिक्षण गरि सेवा प्रदान गरेकोमा सम्पुर्ण कर्मचारीहरुले धन्यवाद ज्ञापन गर्नुभएको थियो।यसका साथै बिद्यालयमा कार्यरत विद्यालय नर्स द्वारा विद्यालयका कर्मचारी तथा विध्यार्थीहरुको स्वास्थ्य परिक्षण गरिएको थियो।




## अभ्यासको तेस्रो महिना

अघिल्लो महिना जस्तै फाल्गुन महिनाको अन्तिम शुक्रबार कार्यालय परिसर सरसफाइ र फुलवारी तथा तरकारी गोडमेल गर्ने क्रियाकलाप अन्तर्गत तथा कार्यालयका खोप सुपरभाइजर राजु खत्रीको जन्मदिनको अवसरमा स्वास्थ्य कार्यालयका कर्मचारीहरु द्वारा तेस्रो महिना पनि अभियानलाई निरन्तरता दिइएको छ।



## पूर्ण खोप सुनिश्चित घरः स्टिकर अभियान

स्वास्थ्य कार्यालय बागलुङले जिल्लाका १० वटै स्थानीय तहमा स्वास्थ्यकर्मीहरु मार्फत घरधुरी सर्वेक्षण गरी हरेक घरमा ५ वर्ष पुरा भएका बच्चा भएको नभएको एकिन गरी पूर्ण खोप सुनिश्चितताको अबस्था एकिन गर्दै **पूर्ण खोप सुनिश्चित घर अंकित स्टिकर** टास गर्ने कार्य अघि बढाएको छ।जिल्लाभित्र रहेका ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई घर घरमा गई खोप छुट बच्चाको खोजी गरी पूर्ण खोप दिलाई वडा, पालिका हुँदै बागलुङ जिल्लालाई नै पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गर्ने, दुर दराजमा लुकेर रहेका बस्ति तथा खोप बाट टाढा रहेका समुदायलाई खोपको पहुँच अभिवृद्धि गर्ने उदेश्यले अभियान सुरु गरेको छ र हाल अभियान संचालन भइरहेको छ।




## *स्थानीय तह विषेश:*

**"हात्तीपाइले विरुद्दको औषधी खाऔं:यो वर्षलाई अब अन्तिम बनाऔं"** भन्ने मूल नाराका साथ फागुण ११ गते धौलागिरि अस्पतालमा जिल्ला समन्वय समितिका प्रमुख अमर थापा र बागलुङ नगरपालिकाका नगरप्रमुख बसन्त कुमार श्रेष्ठलाई औषधी खुवाएर हात्तीपाइले रोग विरुद्दको आम औषधी सेवन अभियानको सुभारम्भ भएर १४ औं पटकको अभियान फाल्गुन ३० गते सम्पन्न भएको छ। यस वर्ष जिल्लाका सम्पूर्ण स्थानीय तहले नया नया अभ्यासको शुरुवात गरि औषधी सेवनको कभरेज बढाउन उल्लेखनीय योगदान पुर्याउनु भएको छ।१० स्थानीय तह मध्य बागलुङ नगर पालिकाको कभरेज सबै भन्दा बढी ९६.८% रहेको छ भने सबै भन्दा कम तमानखोलाको ७४.३% रहेको छ।यस पटकको अभियानमा कोही पनि नागरिक हात्ती पाईले रोग विरुद्धको औषधी सेवनबाट नछुटोस भन्नको लागि माइकिङ गर्ने, र्याली गर्ने, सडक नाटक गर्ने र गाडी मोटर तथा चोकमा ब्यानर टास्ने, शिवरात्रिको अवसरमा हात्तीपाइले सम्बन्धि जनचेतनामुलक भजनकृतन र दोहोरी गित प्रस्तुत , धौलागिरी टि.भी मार्फत Panel Discussion को प्रतक्ष प्रशारण जस्ता क्रियाकलाप संगै औषधी सेवन गरेका व्यक्तिको पहिचानको लागि नङमा मसि लगाउने, घरको भित्तामा लेख्ने, कार्ड उपलब्ध गराउने, तथा औषधी सेवन सम्बन्धि फोटो तथा भिडियो तयार गरि सामाजिक संजालमा सेयर गर्ने अभ्यास गरिएको थियो।बिद्यालयका बिद्यार्थी मार्फत सकारात्मक संदेश फैलाउन सहज हुने भएकोले विद्यालयका विद्यार्थीहरुका लागि फाल्गुन १० गते औषधी सेवन गराइएको थियो भने जिल्ला प्रशासन कार्यालयमा नियमित कार्यालय प्रमुखहरुको बैठकमा प्रमुख जिल्ला अधिकारी सहित औषधी सेवन कार्यक्रमको पनि आयोजना गरिएको थियो।अभियानलाई सफल बनाउन साथ दिनुहुने इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश, स्वास्थ्य निर्देशनालय, जिल्ला प्रशासन, जिल्ला समन्वय समिति, सम्पूर्ण स्थानीय तह, संचारकर्मी, स्वास्थ्यकर्मी, सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका, जनप्रतिनिधि ज्यूहरु, विद्यालय, कलेज, विद्यार्थी, अभिभावक, सुरक्षा निकाय, नेपाल सरकारका विभिन्न निकायहरु, सहयोगी संघ संस्था तथा यहा उल्लेख गर्न छुट हुनुभएका सम्पूर्ण प्रति हार्दिक आभार सहित दिन रात नभनी आफ्नो जिम्मेवारीमा खट्नुहुने हरेक स्वास्थ्यकर्मी प्रति स्वास्थ्य कार्यालय बागलुङ विशेष सम्मान प्रकट गर्दछ।

**यस अभियानलाई सफल बनाउन गरिएका नविनतम प्रयासहरु:**

- गाउँ, टोल, बजार क्षेत्रमा माइकिङ द्वारा प्रचार प्रसार
- र्याली तथा सडक नाटक द्वारा जनचेतना
- गाडी मोटर तथा चोकमा प्रचारको लागि ब्यानर टास्ने
- शिवरात्रिको अवसरमा जनचेतनामुलक भजनकृतन र दोहोरी गित प्रस्तुत
- धौलागिरी टि.भी मार्फत Panel Discussion को प्रतक्ष प्रशारण
- विद्यालय स्वास्थ्य शिक्षा
- Social Mapping द्वारा बुथ स्थापना/संचालन र स्वास्थ्यकर्मी परिचालन
- औषधी सेवन पश्चात नङमा मसि लगाउने
- घरभेट गर्दै घरको भित्तामा चकले लेख्ने
- औषधी सेवन गरेको कार्ड उपलब्ध गराउने
- औषधी सेवन गरेको फोटो/भिडियो तयार र सेयर
- एफ.एम मा जिंगल मार्फत प्रचार प्रसार
- विद्यार्थी मार्फत अभिभावकलाई "अनुरोध चिठी"
- गित तथा टिकटक भिडियो मार्फत जनचेतना



# स्थानीय तहमा संचालित अन्य क्रियाकलापः

## बागलुङ नगरपालिकाः

- अमलाचौर मा Implant तथा IUCD शिविर संचालन
- लहरेपिपल स्वास्थ्य चौकीमा Routine Data Quality Assessment सम्पन्न
- लहरेपिपल स्वास्थ्य चौकीमा CBIMNCI Onsite Coaching
- तितांङ तथा भकुन्डे स्वास्थ्य चौकीमा MNH onsite coaching तथा clinical mentoring

## ढोरपाटन नगरपालिकाः

- पालिकास्तरिय पोषण समिक्षा
- विद्यालय स्वास्थ्य शिक्षा
- पोषण समिक्षा गोष्ठी
- किशोरीहरुलाई आइरन बितरण
- ईम्प्लान्ट तालिम
- निशुल्क आँखा तथा मोतियाविन्दुको शल्यक्रिया शिविर

## गलकोट नगरपालिकाः

- १ सय १३ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा १५५ जना महिलाहरुको लागी निःशुल्क नसर्ने रोगको स्क्रीनिङ
- होली पुर्णीमा मेलामा ३ दिन र सिजनल पेन्सन क्याम्पमा २ दिन सम्म हेल्थ डेष्क सञ्चालन
- रिघा, दुधिलाभाटी मा CBIMNCI Onsite Coaching सम्पन्न
- पाण्डवखानी, रिघा, दुधिलाभाटीमा RUSG कार्यक्रम सञ्चालन

## जैमिनी नगरपालिकाः

- वडा न.७ मा मोतियाबिन्दु स्क्रिनिंङ तथा २६ जनामा मोतियाबिन्दु निदान गरि सर्जरीको लागि रेफर
- सर्कुवा र बिनामारा स्वास्थ्य चौकीमा IMNCI onsite coaching
- जैदी स्वास्थ्य चौकीमा MNH onsite coaching तथा Clinical Mentoring

## बरेंङ गाउँपालिकाः

- IMNCI onsite coaching हुग्दिशिर र बाटाकाचौर
- सल्यानमा ग्रामीण भिडियो एक्स रे
- पारिवारिक स्वास्थ्य प्रोफाइल तथ्यांक संकलन सुरु
- वडा नम्बर १ र २ मा पोषण तथा खाद्द सुरक्षा निर्देशक समिती गठन
- जेष्ट नागरिक स्वास्थ्य परिक्षण तथा उपचार
- स्वास्थ्य विषय अध्यापन गर्ने शिक्षक र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई नाक कान घाटीं तथा मुख स्वास्थ्य सम्बन्धि अभिमुखिकरण

## काठेखोला गाउँपालिकाः

- ८ वटै वडाहरुको ८ वटा स्वास्थ्य संस्थामा महिलाहरुको पाठेघर सम्वन्धी शिविर तथा VIA क्याम्प संचालन
- २ वटा स्वास्थ्य संस्थाहरुमा CBIMNCI onsite Coaching
- न्युनतम सेवा मापदण्ड सम्वन्धी पालिका स्तरिय अभिमुखिकरण गोष्ठी
- IUCD तथा Implant शिविर संचालन
- रेश स्वास्थ्य चौकिमा क्षयरोग खोपपडताल कार्यक्रम सम्पन्न

## तमानखोला गाउँपालिकाः

- पाँच बर्ष मुनिका बालबालिकाको पोषण अवस्था लेखाजोखा
- १००० दिने बालबालिकाको अभिभावकहरूसँग पोषिलो जाउलो प्रदर्शन
- राष्ट्रपति रनिंङ सिल्ड प्रतियोगितामा रैथाने खाना प्रदर्शनी
- परिवार नियोजन क्यामपूर्व लक्षित समूहसङ्ग अन्तरकृया तथा परामर्श

## ताराखोला गाउँपालिकाः

- वडा न.२मा समुदायमा सक्रिय क्षयरोगको खोजपडताल कार्यक्रम गरि १०१ जनाको खकार नमुना संकलन र १२५ जनाको पिसाब परिक्षण गरिनुका साथै निशुल्क सुगरको जाँच
- स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड सम्बन्धि मुल्यांकन
- पूर्ण खोप सुनिश्चितताको निम्ति घरधुरी सर्वेक्षण
- जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत निशुल्क स्वास्थ्य परिक्षण
- फेब्रुअरी महिना आयोडिन महिना मनाउने कार्यक्रम

## निसिखोला गाउँपालिकाः

- पुर्णखोपको लागि पालिका स्तरीय योजना तर्जुमा गोष्ठी
- पूर्ण खोप सुनिश्चितताको निम्ति घरधुरी सर्वेक्षण
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम

## बडिगाड गाउँपालिकाः


- CBIMNCI कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा गोष्ठी
- बडीगाड स्वास्थ्य प्रोफाइल सम्बन्धि तथ्यांक संकलन सुरु
- ४४ जना स्वास्थ्यकर्मीहरुका लागी २ दिने आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि अभिमुखिकरण सम्पन्न
- वडा न. ८ मा एकीकृत ग्रामिण मोबाइल स्वास्थ्य सेवा (VIA-२२, Implant-२, आँखा परिक्षण-७३, सुगर जांच-४६, ल्याब सेवा-१४०, संस्कापद खकार संकलन-७, स्वास्थ्य परिक्षण-१५५)

## स्वास्थ्य कार्यालयबाट संचालन हुने कार्यक्रमको चैत्र महिनाको सम्भावित कार्ययोजनाः


| क्र.स | योजनामा रहेका कार्यक्रम | सम्भावित हप्ता | | | | कार्यक्रम संयोजक |
|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | |
| १ | स्थायी बन्ध्याकरण शिविर संचालन (४ दिन) | | | | | सिमा कुँवर |
| २ | पालिका स्तरमा खोप छुट बच्चा पहिचान तथा पूर्णखोप सुनिश्चितता सम्बन्धि २ दिने सुक्ष्म योजना तर्जुमा तथा तयारी गोष्ठी | | | | | राजु खत्री |
| ३ | टोल विकास/सहकारी/आमा समुहमा स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रम | | | | | लक्ष्मी शर्मा |
| ४ | RRT परिचालन तथा अभिमुखीकरण कार्यक्रम | | | | | लक्ष्मी शर्मा |
| ५ | स्वास्थ्यकर्मीहरुको लागि नसर्ने रोग सम्बन्धि PEN Package तालिम | | | | | देव प्रकास घिमिरे |
| ६ | क्षयरोग सम्बन्धि क्युसी (Quality Control) को लागि खकार संकलन | | | | | डिल्ली प्र.आचार्य |
| ७ | पालिका स्तरमा खोप छुट बच्चा पहिचान भइ पूर्णखोप सुनिश्चितताको समिक्षा, नियमित खोपको सुद्रिढीकरण र पूर्णखोप दिगोपनको सुक्ष्म योजना अध्यावधिक २ दिन तथा सरसफाई प्याकेजको पुनर्ताजगी तालिम १ दिन | | | | | राजु खत्री |
| ८ | खानेपानीको मुहान परिक्षण | | | | | डिल्ली प्र.आचार्य |
| ९ | स्वास्थ्य कार्यालय मार्फत MNH कार्यक्रम (ANC/PNC Continium Review) | | | | | सिमा कुँवर |
| १० | आधारभुत स्वास्थ्य सेवाको स्तरीय उपचार पद्दति BHS STP सम्बन्धि स्वास्थ्यकर्मीका लागि अभिमिखिकरण | | | | | देव प्रकास घिमिरे |
| ११ | विषादी रहित खाध्य तथा पोषण प्रबर्धन सम्बन्धि अभिमिखिकरण | | | | | देव प्रकास घिमिरे |
| १२ | MNH सम्बन्धि क्लिनिकल Onsite कोचिंङ | | | | | सिमा कुँवर |
| १३ | पारिवारिक स्वास्थ्य प्रोफाइल निर्माण अभिमुखीकरण तथा तथ्यांक संकलन | | | | | घनश्याम सापकोटा |

# सुवर्ण अवसर ! सुवर्ण अवसर ! सुवर्ण अवसर !

**स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा निम्न मिति, स्थान र समयमा सन्तानको रहर पुगिसकेका इच्छुक दम्पतिहरुको लागि अनुभवी एवं दक्ष चिकित्सकबाट स्थायी बन्ध्याकरण (पुरुषहरुको लागि भ्यासेक्टोमी र महिलाहरुको लागि मिनिल्याप) शिविर संचालन हुने भएकाले मौकाको फाइदा लिनु हुन अनुरोध छ।**



भ्यासेक्टोमी



मिनिल्याप

## शिविर संचालन हुने मिति र स्थानः

- **बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, ढोरपाटन नगरपालिकाः २०७९ चैत्र १ गते**
- **गलकोट नगर अस्पताल, गलकोट नगरपालिकाः २०७९ चैत्र २ गते**
- **कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्र, जैमिनी नगरपालिकाः २०७९ चैत्र ४ गते**
- **धौलागिरि अस्पताल, बागलुङः २०७९ चैत्र ५ गते**

**समय**
**बिहान १० बजे देखि**

**सम्पर्क नं.**
**प्रविण शर्मा (कार्यालय प्रमुख)ः ९८५७६२२७८८**
**सीमा कुँवर (फोकल पर्सन)ः ९८५६०७५१७५**
**साथै स्थानीय स्वास्थ्य संस्था तथा पालिका स्थित स्वास्थ्य शाखामा पनि सम्पर्क गर्न सकिनेछ ।**

**आयोजक**
**स्वास्थ्य कार्यालय**
**बागलुङ**

**पुनश्चः मिनिल्याप गर्ने महिलाहरु खालि पेटमा आउनु पर्ने छ।**